**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# आधुनिक नेपाली उपन्यासको नवीन चरण

जीवन श्रेष्ठ, *पिएचडी*
पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: jistha@gmail.com

**Article History: Received:** 05 August 2021; **Revised:** 26 November 2021; **Accpeted:** 28 November 2021

**लेखसार**
आधुनिक नेपाली उपन्यासको व्यवस्थित अध्ययनका निम्ति यसलाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गरिएको छ । ती चरण विभाजनहरूमा २०३६ सालपछिका उपन्यासहरूलाई समसामयिक प्रवृत्तिका रूपमा एउटै चरणमा राखेर चर्चा गरिएका छन् । यद्यपि उत्तरवर्ती समयका उपन्यासहरूको अध्ययनले पछिल्लो समयका उपन्यासहरूमा परम्पराभन्दा भिन्न उत्तरआधुनिकतावादी प्रवृत्तिहरूको प्रयोग नेपाली उपन्यासमा व्यापक रूपमा हुन थालेको पुष्टि गर्छ । उत्तर आधुनिकतावाद विविध प्रवृत्तिहरूको सामूहिक संज्ञा भएकाले यसको व्यापक घेराभित्र विविध प्रवृत्तिका उपन्यासहरू उल्लेख्य मात्रामा सिर्जना भएका छन् । तिनलाई समसामयिकता जस्तो निश्चित समयकबोधक शब्दले समेट्न सक्दैन । साथै समसामयिकता कुनै सिद्धान्तनिष्ट प्रवृत्ति पनि होइन । त्यसैले पछिल्लो समयका नेपाली उपन्यासहरूको व्यापक अध्ययन र विश्लेषणका माध्यमबाट यसका विशिष्ट प्रवृत्तिहरुको पहिचान गरी तिनको आरम्भ बिन्दु पहिल्याउनु नेपाली उपन्यास समालोचनाका लागि वाञ्छनीय कार्य हो । यसका लागि प्रस्तुत अनुसन्धानमा उत्तरवर्ती नेपाली उपन्यासहरूमा के-कस्ता नवीन प्रवृत्तिहरू देखापरेका छन् र तिनका आधारमा आधुनिक नेपाली उपन्यासलाई के-कसरी चरण विभाजन गर्न सकिन्छ भन्ने समस्याका समाधानमा केन्द्रित भएर यो अध्ययन गरिएको छ । यस क्रममा आधुनिक नेपाली उपन्यासको चरण विभाजनका सन्दर्भ एवम् उत्तरवर्ती उपन्यासहरूका सन्दर्भमा गरिएका पूर्वअध्ययनहरू र नवीन प्रवृत्तियुक्त उपन्यासहरूको पठन गरी तिनको विश्लेषणका आधारमा माथि प्रस्तुत समस्याको समाधान गरिएको छ । यसरी गरिएको अनुसन्धानबाट ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको “ज्यागा” उपन्यासदेखि नेपाली उपन्यासमा पूर्णतः उत्तरआधुनिकतावादी चरण सुरु भएको पुष्टि गर्दछ र त्यसपछि उत्तरआधुनिकतावादी विविध प्रवृत्तियुक्त उपन्यासहरूको लेखन गुणात्मक र परिमाणात्मक दुबै रूपमा यथेष्ट उपन्यासहरू प्रकाशित भएकाले वि. सं. २०५० सालपछि आधुनिक नेपाली उपन्यासमा नयाँ चरण आरम्भ भएको निष्कर्ष निकालिएको छ ।

***मुख्य शब्दावली :*** समसामयिकता, आधुनिकता, उत्तरआधुनिकतावाद, अधिआख्यान, चरण विभाजन

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

आधुनिकताको पहिचानका लागि यथार्थता एउटा प्रमुख मानक हो । ईश्वरीय अलौकिकतामाथिको अन्धविश्वासका स्थानमा लौकिक जीवनको दृश्य-यथार्थको खोजी हुन थालेपछि मानव सभ्यता आधुनिक युगमा प्रवेश गरेको हो । मानव जीवनले प्रत्यक्ष अनुभूत गर्नसक्ने यथार्थ सत्यमाथिको विश्वासले आधुनिकताको ढोका खोलेजस्तै नेपाली उपन्यासको आधुनिक युग पनि नेपाली समाजको यथार्थ अङ्कन हुन थालेपछि आरम्भ भएको हो । यस अघिको नेपाली उपन्यास अतिरञ्जना र अलौकिकताको काल्पनिक संसारमा खडा भएको थियो भने यसपछि नेपाली जीवन र नेपाली समाजको यथार्थ धरातलमा उपन्यासहरू सिर्जना भएका छन् । यस सन्दर्भमा उपन्यासकार रूद्रराज पाण्डेको रूपमती (१९९१) उपन्यासलाई पहिलो आधुनिक नेपाली उपन्यास मानिएको छ । विचार प्रतिपादनको तहमा आदर्शको बाटो अवलम्बन गरे पनि यथार्थ जीवनको प्रस्तुतिका दृष्टिले यो उपन्यास आधुनिक ठहर्छ ।

रूपमति उपन्यासको यथार्थवादी-आदर्शवादी लेखनले आधुनिकतालाई स्वागत गरेपछि यसको विकासका निम्ति अन्य आधुनिक प्रवृत्तिका उपन्यासहरू क्रमशः देखापर्दै आएका छन् । यस क्रममा रूपनारायण सिँहको भ्रमर (१९९३) बाट स्वच्छन्दतावाद (स्वच्छन्दतावादमा वर्तमान यथार्थभन्दा विगतप्रतिको आग्रह बढी हुने भए पनि यसलाई नेपाली साहित्यमा आधुनिकताभित्रै समेटिएको छ), लैनसिंह बाङ्देलको मुलुकबाहिर (२००४) बाट सामाजिक यथार्थवाद, हृदयचन्द्रसिंह प्रधानको स्वास्नी मान्छे (२०११) बाट समाजवादी-यथार्थवाद, गोविन्दबहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल (२०१६) बाट मनोविश्लेषणात्मकता र इन्द्रबहादुर राईको आज रमिता छ (२०२१) बाट अस्तित्ववाद-विसङ्गतिवाद आदि नेपाली उपन्यासमा अध्ययन-पहिचान भएका मुख्य प्रवृत्तिहरू हुन् । यी बाहेक ऐतिहासिक यथार्थवाद, आञ्चलिकता, मिथकीयता जस्ता प्रवृत्तिहरूको पनि अध्ययन भएका छन् । यस्ता विविध प्रवृत्तिका उपन्यासहरूको व्यवस्थित अध्ययनका निम्ति आधुनिक नेपाली उपन्यासको विकासलाई विभिन्न चरणमा विभाजन गरिएको छ ।

हालसम्म गरिएका अध्ययनहरूमा आधुनिक नेपाली उपन्यासलाई मोटामोटी तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । विभिन्न अध्ययनहरूमा गरिएका चरण विभाजनमा एकरूपता नभएमा पनि मोटामोटी १९९१-२०१५/२०२० सालसम्मको अवधिलाई पहिलो चरण, २०१६/२०२१-२०३५ सालसम्मको अवधिलाई दोस्रो चरण र २०३६ सालपछिको समयावधिलाई तेस्रो चरण मानिएको छ । पहिलो चरणमा आदर्शोन्मुख यथार्थ, सामाजिक यथार्थ, ऐतिहासिक यथार्थ, मनोवैज्ञानिक यथार्थ जस्ता यथार्थवादी प्रवृत्तिहरू देखापरेका हुनाले यस चरणको प्रमुख प्रवृत्ति यथार्थवाद रहेको छ । त्यसै गरी दोस्रो चरणमा अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्ति मुख्य रहेको छ ।

वि. सं. २०३६ सालपछिको तेस्रो चरणमा समसामयिक प्रवृत्तिको प्रधानतालाई स्वीकार गरिएको छ र यसपछि समसामयिक धाराको आरम्भ भएको मानिएको छ । 'समसामयिक' शब्दले बहन गर्ने विशिष्ट अर्थ र यसको समयावधिलाई विचार गर्ने हो भने २०३६ सालदेखि २०७७ सालसम्मको चार दशकभन्दा बढीको समयका उपन्यासहरूलाई यसले समेट्न सक्ने देखिँदैन । मूलतः यस शब्दले एकदुई दशकको

समयावधिलाई मात्र समेट्छ (शर्मा,२०६३, पृ.१५) । २०३६ सालअघिका अन्तर्मुखी उपन्यास लेखन प्रवृत्तिका व्यतिरेकमा बहिर्मुखी लेखन प्रवृत्तिका माध्यमबाट तत्कालीन समयका यथार्थहरूलाई बोध्य शैलीशिल्पमा प्रस्तुत गर्न थालिएको सन्दर्भमा यस समयका औपन्यासिक प्रवृत्तिलाई समसामयिकता नाम दिइएको देखिन्छ । यो कुनै निश्चित सिद्धान्तनिष्ठ प्रवृत्तिभन्दा समयबोधक संज्ञा मात्र हो । २०३६ सालपछि नेपाली उपन्यासमा विविध नवीन प्रवृत्तिहरू पनि देखापरेका छन् । यस सन्दर्भमा चालिस वर्षभन्दा बढीको समयावधिलाई एउटै 'समसामयिक धारा' का नाममा अध्ययन अध्यापन भइरहनु उपयुक्त देखिँदैन । यस तर्कलाई बालाकृष्ण अधिकारीको नेपाली साहित्यको काल विभाजनले पनि पुष्टि गरेको छ । उनले २०३६ देखि २०५१ सालसम्मको समयावधिलाई प्रगतिवादी र स्वच्छन्दतावादी धाराको पुनरागमनका रुपमा चर्चा गरेका छन् (श्रेष्ठ र अधिकारी, २०७७, पृ. २१४) । यसै पृष्ठभूमिमा प्रस्तुत अध्ययन आधुनिक नेपाली उपन्यासको चरण विभाजनहरूलाई केलाउँदै पछिल्लो समयका नवीन औपन्यासिक प्रवृत्तिहरूका सन्दर्भमा आधुनिक नेपाली उपन्यासको पछिल्लो चरण विभाजनका निम्ति नयाँ आधारको खोजीमा केन्द्रित छ ।

उत्तरवर्ती नेपाली उपन्यासहरूमा के-कस्ता नवीन प्रवृत्तिहरू देखापरेका छन् र तिनका आधारमा आधुनिक नेपाली उपन्यासलाई के-कसरी चरण विभाजन गर्न सकिन्छ भन्ने समस्यामा आधारित यस अध्ययनको उद्देश्य यसैको प्राज्ञिक समाधान खोज्नुमा अन्तर्निहित छ ।

## अध्ययन विधि

उत्तरवर्ती नेपाल उपन्यासका नवीन प्रवृत्तिहरूको अध्ययन र तिनका आधारमा आधुनिक नेपाली उपन्यासको चरण विभाजनको नवीन आधारको खोजी गरिएको यस अनुसन्धान कार्यमा नेपाली उपन्यास र यसको ऐतिहासिक अध्ययनका सन्दर्भमा लेखिएका सामग्रीहरू, उत्तरवर्ती नेपाली उपन्यासका सन्दर्भमा गरिएका अध्ययन तथा लेखहरू, नवीन प्रवृत्तियुक्त नेपाली उपन्यासहरू र उत्तरआधुनिकतावादका सैद्धान्तिक पुस्तकहरूको उपयोग गरिएको छ । पुस्तकालय कार्यबाट अध्ययन गरिएका उपर्युक्त सामग्रीहरूमध्ये यसका नवीन प्रवृत्तियुक्त उपन्यासहरू प्राथमिक सामग्री हुन् भने माथि उल्लिखित अन्य सामग्रीहरू द्वितीयक हुन् । उत्तरआधुनिकतावादी सिद्धान्तका आधारमा नेपाली उपन्यासहरूको अध्ययन गरी नेपाली उपन्यास परम्परामा उत्तरआधुनिकतावादी चरणको खोजी गर्ने क्रममा यसमा सामग्रीहरुको चयन र तथ्यहरुको सङ्कलन सोद्देश्यमूलक विधिबाट गरिएको छ र यो अध्ययन पाठ-विश्लेषणमा आधारित रहेको छ । साथै यसको अध्ययन विधि कालक्रमिक प्रकृतिको रहेको छ ।

## आधुनिक नेपाली उपन्यासको चरण विभाजन

आधुनिक नेपाली उपन्यासको अध्ययनका क्रममा विभिन्न विद्वान्हरूले फरक फरक किसिमले चरण विभाजन गरेका छन् ।रूपमती उपन्यासको प्रकाशन काल १९९१ लाई आधार बिन्दु मानेर गरिएका आधुनिक नेपाली उपन्यासका प्रमुख चरण विभाजनहरू यस प्रकार छन्:

(१) मोहनराज शर्मा र दयाराम श्रेष्ठको नेपाली साहित्यको संक्षिप्त इतिहासः

(क) प्रथम चरण (१९९१-२०२०) र (ख) द्वितीय चरण (२०२१ देखि हालसम्म) ( शर्मा र श्रेष्ठ १०५) यसमा दोस्रो चरण विभाजनको आधार- अस्तित्वादी-विसङ्गतिवादी प्रवृत्तिलाई मानिएको छ ।

(२) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली उपन्यासको शतवार्षिकी स्मारिका (२०६०) मा प्रकाशित गिरीशवल्लभ जोशीको 'वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष' शीर्षकको मूल आलेखः

(क) पहिलो चरण (१९१९-२०१६) र (ख) दोस्रो चरण (२०१७ देखि यता) (शर्मा र लुइटेल ३)
यसमा दोस्रो चरण विभाजनको आधार मनोविश्लेषणात्मक प्रवृत्तिलाई मानिएको छ।
(३) कृष्णहरि बराल र नेत्र एटमको उपन्यास सिद्धान्त र नेपाली उपन्यासः

(क) प्रथम चरण (१९९१-२०१५), (ख) द्वितीय चरण (२०१६-२०३५)र तृतीय चरण (२०३६ देखि यता) (बराल र एटम ८३)
यसमा दोस्रो चरण विभाजनको आधार मनोविश्लेषणात्मक प्रवृत्तिलाई मानिएको छ भने तेस्रो चरणको विभाजन राजनीतिक परिवर्तन र समसामयिकतालाई मानिएको छ।
(४) कुमारप्रसाद कोइरालाको आख्यान विमर्शः

(क) पहिलो चरण (१९९१-२०१९), (ख) दोस्रो चरण (२०२०-२०३९) र तेस्रो चरण (२०४० पछिको समयावधि) (कोइराला १३८)

यसमा दोस्रो चरण विभाजनका आधार अस्तित्ववादी विसङ्गतिवादी प्रवृत्तिलाई मानिएको छ भने तेस्रो चरण विभाजनको आधार समसामयिकतालाई मानिएको छ।
(५) खगेन्द्रप्रसाद लुइटेलको नेपाली साहित्यको इतिहासः

(क) पहिलो चरण (१९९१-२०१५), (ख) दोस्रो चरण (२०१६-२०२०), तेस्रो चरण (२०२१-२०३५) र चौथो चरण (२०३६ देखि यता) (लुइटेल७१)
यसमा चरण विभाजनका दास्रो चरण विभाजनको आधार मनोविश्लेषणात्मक प्रवृत्तिलाई मानिएको छ। त्यस्तै तेस्रो चरण अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्तिका आधारमा र चौथो चरण अन्य विधाका समसामयिक प्रवृत्तिसँगको सामञ्यताका आधारमा विभाजन गरिएको छ।
(६) ज्ञानु पाण्डेको नेपाली उपन्यासमा लैङ्गिकता :

(क) पहिलो चरण (१९९१-२०४५) र (ख) दोस्रो चरण (२०४६ यता) (पाण्डे ३०)
यसमा दोस्रो चरण विभाजनको आधार लैङ्गिक चेतनाको उद्बोधन तथा सचेत प्रयोगलाई मानिएको छ। माथि उल्लिखित आधुनिक नेपाली उपन्यासको चरण विभाजनमा औपन्यासिक प्रवृत्ति, राजनीतिक घटना, समसामयिकता, लैङ्गिक चेतना आदिलाई विभाजनको आधार बनाएको छ। यसमा पहिलो चरणको आरम्भका सम्बन्धमा सबै विद्वान्हरू एक मत रहेका छन्। वि. सं. १९९१ सालदेखि नेपाली उपन्यास आधुनिकतामा प्रवेश गरेको हो भन्ने विषयमा कसैको विमति छैन। तिनमा दोस्रो चरणको आरम्भका सम्बन्धमा भने मतैक्यता पाइँदैन। श्रेष्ठ र शर्मा (२०६३) तथा कोइराला (२०६८) ले २०२१ सालमा देखापरेको अस्तित्वादी-विसङ्गतिवादी प्रवृत्तिदेखि दोस्रो चरण आरम्भ भएको उल्लेख गरेका छन्। शर्मा र लुइटेल (२०६०), बराल र एटम (२०६६) तथा लुइटेल (२०६९) ले २०१६ सालपछि देखापरेको मनो विश्लेषणात्मक प्रवृत्तिदेखि दोस्रो चरण आरम्भ भएको उल्लेख गरेका छन्। तेस्रो चरणका सम्बन्धमा भने विद्वान्हरू बिच खासै मतभेद रहेको छैन। प्रायः सबैले २०३६ सालपछिको अवधिलाई तेस्रो चरणका स्वीकार गरेका छन्।

कोइराला (२०६८) ले पनि छत्तिस सालपछिको समसामयिक प्रवृत्तिलाई स्वीकार गर्दै दशकीय हिसाबले चरण अध्ययन गर्न सजिलो हुन्छ भनी २०४० सालदेखि तेस्रो चरण मानेका छन् । यस चरणको मुख्य प्रवृत्तिका रूपमा समसामयिकताको चर्चा सबैले गरेका छन् । यसका निम्ति २०३५ सालमा घोषित जनमत सङ्ग्रहपछि अघिल्लो चरणको जटिल, क्लिष्ट र आत्मपरक लेखन क्रमशः सरल, वस्तुपरक र समसामयिक बन्दै गएको सन्दर्भ र अन्य विधाहरूमा गरिएको चरण विभाजनको सापेक्षतालाई आधार बनाइएको छ ।

समसामयिकता निश्चित सिद्धान्तनिष्ठ विशेषता नभई समसामयिक चेतनासँग जोडिएको सन्दर्भ हो । २०३६ सालपछि परिवर्तित राजनीतिक र सामाजिक परिवर्तनको समसामयिक चेतनालाई सरल र बोध्य शैलीशिल्पका माध्यमबाट यथार्थपरक ढङ्गले चित्रण गरिएकाले यसलाई समसामयिक प्रवृत्ति भनिएको हो । त्यसैले यो प्रवृत्ति प्रकारान्तले यथार्थपरक लेखन नै बन्न पुगेको छ ।

माथि प्रस्तुत आधुनिक नेपाली उपन्यासको चरण विभाजनमा २०३६ सालपछिका विविध नवीन प्रवृत्तिहरूलाई एउटै समसामयिक प्रवृत्तिले विशिष्ट रूपमा समेट्न सकेको छैन । २०३६ सालपछि विभिन्न कालखण्डमा नेपाली सामाजिक तथा राजनीतिक परिवेशमा धेरै महत्त्वपूर्ण परिवर्तहरू भएका छन् । २०४६ सालको बहुदलीय प्रजातन्त्रको पुनस्थापना, २०५२-२०६२ सालको माओवादी जनयुद्ध, २०६२-६३ सालकोदोस्रो जनआन्दोलन, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, संविधान सभामार्फत सबै तह, तप्का र क्षेत्रका जनताहरूको संलग्नतामा संविधान लेखन आदिनेपाली इतिहासकै महत्त्वपूर्ण घटनाहरू हुन् । यी परिवर्तनहरूले नेपाली समाजका यावत् पक्षहरूमा प्रत्यक्ष प्रभाव पाऱ्यो । यसैको परिणाम स्वरूपउपन्यास लेखनमा पनि नवीन प्रवृत्तिहरू देखापर्न थाले ।

इन्टरनेट प्रविधि र मोबाइलको विकासले पचासको दशकपछि आम जनमानसको व्यवहार र सोचाइमा व्यापक परिवर्तन ल्यायो । सम्पर्कको सहज माध्यम र विश्वभर नेपालीहरूको विस्तार का कारण अन्य देशहरूमा विकसित चिन्तनको प्रवेश नेपाली समाजमा पनि सहजै भयो । खासगरी पाश्चात्य जगत्मा विकसित उत्तरआधुनिकतावादी चिन्तनले नेपाली लेखक र चिन्तकहरूलाई प्रभाव पार्न थाल्यो । यस कारण नेपाली उपन्यासका विचार, विषय, र शिल्पका तहमा पनि धेरै नवीनताहरू देखापरे । यद्यपि यस प्रकारका नवीन प्रवृत्तिहरूलाई माथि चर्चा गरिएका अध्ययनहरू र तिनका चरण विभाजनले सही ढङ्गले सम्बोधन गर्न सकेका छैनन् । यसका निम्ति पछिल्लो समयका उपन्यासहरूको समग्र अध्ययन गरी तिनको विशिष्ट प्रवृत्तिहरूको विश्लेषण गर्न जरूरत छ र तिनका आधारमा आधुनिक नेपाली उपन्यासको अर्को चरण निर्धारण गर्नु पनि वाञ्छनीय छ ।त्यसका निम्ति नेपाली प्रयोगपरक उपन्यासको अध्ययन पनि महत्त्वपूर्ण हुन्छ ।

## प्रयोगपरक नेपाली उपन्यास

प्रयोगपरक नेपाली उपन्यासहरूले आधुनिक नेपाली उपन्यासको नयाँ चरणको ढोका ढकढक्याउन

महत्त्वपूर्ण भूमिका खेलेको छ । परम्पराभन्दा भिन्न प्रकारका विषय र शिल्पको प्रयोग गरिएको उपन्यास प्रयोगपरक उपन्यास हो । यस प्रकारका उपन्यासहरूमा जीवनप्रतिको नवीन सोच र विद्रोही स्वरको चित्रणका लागि चित्रात्मक, बिम्बात्मक तथा कलात्मक भाषाको प्रयोगका साथै विद्रोहात्मक भाषिक प्रयोग, चेतनप्रवाह, दुरूह र दुर्बोध्य भाषाशैली, बिम्ब, प्रतीक र मिथको प्रयोग जस्ता शिल्पगत विशेषता पाइन्छन्'' (लुइटेल ३६३) । यसका साथै स्वैरकल्पना, दृष्टिविन्दुको स्थानान्तरण, पाठभित्रै लेखक र पाठकको उपस्थिति जस्ता प्रयोगहरू पनि पाइन्छन् । नेपालीमा खासगरी अस्तित्ववादी, विसङ्गतिवादी, प्रतीकवादी, बिम्बवादी, अतियथार्थवादी, विनिर्माणवादी प्रवृत्तिका उपन्यासहरूमा यस्ता प्रयोग पाइन्छन् । नयाँ विषय र शिल्पको अन्वेषण गर्दै नयाँ इतिहासको परम्परा आरम्भ गर्ने इन्द्रबहादुर राईको आज रमिता छ(२०२१) देखि प्रयोगपरक लेखन आरम्भ भएको मानिन्छ । यो संरचना र रूपविन्यास दुवै दृष्टिकोणबाट परम्परागत लेखनभन्दा भिन्न रहेको छ (श्रेष्ठ र शर्मा १०७) । सामाजिक राजनीतिक परिवेशका कारण मानवीय मूल्यको ह्रास हुँदै गएपछिको विसङ्गतिपूर्ण बचाइको चित्रण र त्यस परिस्थितिमा पनि अस्तित्वको खोजी गर्ने सन्दर्भमा यस प्रकारको प्रयोग हुन थालेको पाइन्छ ।

परम्परागत औपन्यासिक लेखनका मूल्य मान्यतालाई अस्वीकार गरी नवीन शिल्पको खोजी गर्ने उपन्यासमा ध्रुवचन्द्र गौतमको अन्त्यपछि (२०२४) महत्त्वपूर्ण रहेको छ । उपन्यासमा चाहिने कथा, घटना, वा चरित्रको संयोजनमा निर्मित नभएर यीबिना पनि उपन्यास लेखिन सक्छ भन्ने उदाहरणका रूपमा यस उपन्यासलाई अघि सारिएको छ । उपन्यासको रचना विधानमा नबाँधिएको यस उपन्यासमा एकोहोरो कथ्यको प्रस्तुति रहेको । यसमा अमूर्त प्रतीकात्मक संज्ञाहरूद्वारा समसामयिक यथार्थको चित्रण गरिएको छ (प्रधान१९७) । उपन्यासको शास्त्रीय संरचना र तत्त्वहरू यसमा रहेका छैनन् ।

मञ्जुलको छेकुडोल्मा (२०२६) उपन्यासमा पनि परम्परागत औपन्यासिक लेखनका मान्यतालाई भत्काई नवीन प्रयोगपरक कथानक र चरित्रलाई काव्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसमा केन्द्रीय चरित्र छेकुडोल्मा रहेकी छ । वास्तविक व्यक्ति साहित्यकार पारिजातलाई छेकुडोल्माका रूपमा प्रस्तुत गरिएको यस उपन्यासभित्र प्रमुख पात्रको प्रत्यक्ष उपस्थिति भने रहेको छैन । समाख्याताको एकोहोरो कथनमा नै यसका विषय र चरित्र आएका छन् । यसको प्रत्येक खण्डमा भिन्नाभिन्नै समाख्याता वा कथा वाचक रहेका छन् । छेकुडोल्माबारे अलग अलग समाख्याताको विभिन्न दृष्टिकोणहरू नै यसको कथ्य विषय रहेको छ । यसमा कथानकको आदि, मध्य र अन्त्यको संरचनालाई भङ्ग गरिएको छ । यसको भूमिकामा उपन्यासकार स्वयम्ले लेखेका छन् -"यो उपन्यासमा कुनै पनि अध्यायलाई जताबाट पढे पनि हुन्छ । अलग-अलग अध्यायहरू आफैंमा स्वतन्त्र छन् र ती अलग-अलग थुँगाहरू गाँसिए जस्ता एक अर्कासँग गाँसिएका पनि छन्" (मञ्जुल, २०२६, भूमिका) ।

त्यसै गरी जगदीश घिमिरेको सावित्री (२०३२) उपन्यासमा पनि नवीन शैलीको प्रयोग गरिएको छ । यसमा कथाहीन कथात्मकता रहेको र अउपन्यासको प्रयोगले डोऱ्याएको यस उपन्यासको शैल्पिक स्वरूप परम्पराविहीन रहेको छ (प्रधान, २०६१, पृ. १९९) । त्यस्तै ओकिउयामा ग्वाइनको सुनाखरी

(सन् १९७८) उपन्यासमा पनि प्रयोगपरक नवीन शैलीको प्रयोग पाइन्छ । काव्यात्मक प्रस्तुति रहेको यो उपन्यास उपाख्यानमूलक रहेको छ । यसलाई कथावस्तुविहीन र अप्रासङ्गिक गद्यात्मक उपन्यासका रूपमा चर्चा गरिएको छ (प्रधान,२०६२, पृ. १९९) । पिटर जे. कार्थकको प्रत्येक ठाउँ, प्रत्येक मान्छे (२०३४) उपन्यासमा पनि नवीन औपन्यासिक शैलीको प्रयोग पाइन्छ । समालोचक कृष्णचन्द्रसिंह प्रधानका अनुसार यसको ज्यामितिक आकार सप्तकोणिक छ । सात दिनको समयावधि, सात बारको सात परिच्छेद, घटना केन्द्रित सात प्रमुख पात्र र यिनीहरूको नामकरणमा सङ्गीतका सात स्वरको संयोजन अनि सबैको विविधतायुक्त स्वर-रङ्गहरूको सामूहिक सामञ्जस्यपूर्ण वा सार्थकता व्यक्तिने ध्वनि-दृश्याङ्कन एक वैशिष्ट्यपूर्ण आयोजना हो" (२०४) ।

यसै क्रममा ध्रुवचन्द्र गौतमको अलिखित (२०४०) उपन्यासमा पनि नवीन शिल्पको प्रयोग पाइन्छ । यसमा बहुनायकत्व आत्मसंस्मरण, स्वैरकल्पना, प्रतीकात्मकता आदिको प्रयोग रहेको यस उपन्यासमा लेखक पनि उपन्यासभित्र उपस्थित छ भने पात्रहरूलाई पनि उनीहरूबारे उपन्यास लेखिँदैछ भन्ने कुरा थाहा हुन्छ । नयनराज पाण्डेको विक्रमादित्य एउटा कथा सुन (२०४५) उपन्यासमा स्वस्थानी व्रतकथाको मिथकलाई विमिथकीकरण गरी पुनर्लेखन गरिएको छ । यसमा 'फोटोमेट्री' वा फोटो खिचेझैं शैलीमा विविध कथाहरू जोडिएको छ (बराल र एटम, २०६६, पृ. १५५) । कविताराम श्रेष्ठको बकपत्र (२०४६) पनि नवीन शैलीको उपन्यास रहेको छ । यसमा "यस उपन्यासमा औपन्यासिक परम्परा छैन, चरित्र छैन, घटना छैन, कथा छैन र स्वयम् पात्र लाग्ने पात्राहरू पनि छैनन् । जुगुप्साजन्य मान्छेको पीडालाई नै पात्रहरूको प्रतीकात्मक उपस्थितिद्वारा तिनको बिम्बीकरण गरिएको छ । दुर्घटित अनुभूत गराउने अस्वीकृत जीवन नै कथा भई रचिएको छ । यसर्थ उपन्यासमा परम्परा होइन प्रचलित मान्यता, मर्यादालाई स्वीकार नगर्ने विरोध वा विद्रूपको औपन्यासीकरण बकपत्र हो" (प्रधान, २०६२, पृ. २०९) । ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य (२०४८) उपन्यासमा वैकल्पिक अन्त्यहरू प्रस्तुत गरी पाठकलाई छनोट गर्न दिइएको छ । यसका माध्यमबाट यसमा पाठकलाई उपन्यास सिर्जनप्रक्रियामा सक्रिय बनाउन खोजिएको छ । सरूभक्तको पागलबस्ती (२०४८) उपन्यासमा स्वैरकल्पना र नवीन मिथकको प्रयोग गरिएको छ ।

यस प्रकार नेपाली उपन्यासमा अस्तित्ववादी-विसङ्गतिवादी चेतना र अउपन्यास लेखनशैलीको प्रभावका कारण नवीन शिल्पको प्रयोग गरिएको देखिन्छ । तीमध्ये ध्रुवचन्द्र गौतमका उपन्यासहरूमा उत्तरआधुनिकतावादका बहुलवादी र अनिश्चिततावादी प्रवृत्तिको स्पष्ट झलक पाइन्छ । साथै नयनराज पाण्डेको उपन्यासले मिथकको पुनर्लेखनका माध्यमबाट उत्तरआधुनिकतावादलाई आह्वान गरेको छ । यस प्रकारका प्रयोगपरक उपन्यासहरूको पृष्ठभूमिमा नेपाली उपन्यासमा २०५० सालपछि उत्तर आधुकितावाद स्पष्ट रूपमा देखापरेको छ ।

## समकालीन उपन्यास र उत्तरआधुनिकतावाद

समय र नवीन प्रवृत्तिका दृष्टिले पचासको दशक यताका उपन्यासहरूलाई समसामयिक उपन्यासका रुपमा अध्ययन गर्न सकिन्छ । यस समय उपन्यास सिर्जनाका क्षेत्रमा व्यापक सहभागिता भइरहेको सन्दर्भमा तिनका केही अध्ययन र विश्लेषणहरू पनि भएका छन् । ती अध्ययनहरूमा नेपाली उपन्यास

विषयगत र शिल्पगत दुवै पक्षमा नवीनताको खोजीतर्फ अग्रसर भएको कुरा उल्लेख गरिएको छ। तिनमा उत्तरआधुनकितालाई पछिल्लो समयका उपन्यासहरूको एउटा प्रमुख प्रवृत्तिका रूपमा चर्चा गरिएको छ।

उत्तरआधुनिकतावादी लेखन आधुनिकताको सीमामा आधारित लेखन हो। आधुनिकतामा नसमेटिएका तथा आधुनिकतामा बेवास्ता गरिएका पक्षहरूलाई यसमा महत्व दिइन्छ। पाश्चात्य जगत्मा विकसित यस वादले बहुलता र अनिश्चिततालाई केन्द्रमा राख्छ। साथै यसले परम्परागत निरपेक्ष सत्यलाई अस्वीकार गर्दै सापेक्ष सत्यमा मात्र विश्वास गर्दछ। सापेक्ष सत्यको खोजीका निम्ति यस प्रवृत्तिका उपन्यास नवीन विषय र शिल्पको प्रयोगतर्फ अग्रसर हुन्छ। नेपाली उपन्यासमा यसको प्रभाव पचासको दशकपछि प्रस्ट रूपमा देखापरेको तथ्यलाई पछिल्ला अध्ययनहरूले देखाएका छन्। यहाँ उत्तर आधुनिकतावादी दृष्टिबाट गरिएका नेपाली उपन्यासको अध्ययनहरूका सार प्रस्तुत गरिएको छः

गोविन्दराज भट्टराई (२०६०) को 'नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना' शीर्षकको कार्यपत्रमा पछिल्लो समयका नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी चेतनाको प्रभाव रहेको उल्लेख गरिएको छ। उनले नेपाली उपन्यासमा साइबर संस्कृति, पुनर्लेखन अथवा प्रतिस्थापना, विधाहीनता, बहुलता, तथ्य र स्वैरकल्पना, नवकेन्द्रको स्थापना जस्ता उत्तरआधुनिक नवीन चेतना रहेको धारणा व्यक्त गरेका छन्।

कृष्ण धरावासी (२०६२) को 'समसामयिक नेपाली उपन्यास : प्रयोग र प्रवृत्ति' शीर्षकको लेखमा उत्तरवर्ती नेपाली उपन्यासहरूमा नवीन प्रवृत्तिका रूपमा उत्तरआधुनिकतावादी प्रवृत्ति देखापरेको विचार व्यक्त गरिएको छ। यसमा बिसको दशकपछि प्रयोगवादी प्रवृत्ति देखापरेको र यसैको प्रभाव तथा प्रेरणाबाट पश्चिमी जगत्मा विकसित उत्तरआधुनिक प्रवृत्तिहरूलाई पछिल्लो समयका उपन्यासहरूले वरण गरेको उल्लेख गरिएको छ। त्यस क्रममा पछिल्ला नेपाली उपन्यासहरूमा विधाहीनता, बहुलता, चरित्र अवतार, अराजकता, मिथकीयता, पुनर्लेखन, तथ्य र स्वैरकल्पना जस्ता विशेषताहरू पाइने र आधुनिककालमा विकसित विधा सिद्धान्तको मान्यतालाई अस्वीकार गर्दै साहित्यका कथा, कविता, नाटक, निबन्ध, उपन्यास आदि सबै विधागत विशेषताहरूलाई मिसाएर उपन्यासको स्वरूप निर्माण गरिएको विचार व्यक्त गरिएको छ।

कुमारप्रसाद कोइराला (२०६८) ले 'समकालीन नेपाली उपन्यासका प्रमुख प्रवृत्तिहरू' शीर्षकको लेखमा पचासको दशकपछिका नेपाली उपन्यासहरूमा उत्तरआधुनिकतवादी प्रवृत्ति पाइने विचार प्रस्तुत गरेका छन्। उनले नेपाली उपन्यासमा नारीवादिता, द्वन्द्व र युद्धको अभिघात, परदेशीय चेतना वा डायस्पोरिक भावना, नवइतिहासवादिता, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, पर्यावरणीय चेतना, बहुलता, पराऔपन्यासिकता, विधामिश्रण जस्ता उत्तरआधुनिकतावादी प्रवृत्तिहरू पाउन सकिने धारणा व्यक्त गरेका छन्। उनले पचासको दशकपछि नेपाली उपन्यासमा उत्तरआधुनिकता एउटा प्रमुख प्रवृत्तिका रूपमा देखापरेको विचार पनि व्यक्त गरेका छन्।

राजेन्द्र सुवेदी (२०६८) ले 'समसामयिक नेपाली उपन्यासः सांस्कृतिक र सीमान्तीय अध्ययन' शीर्षकको समालोचनात्मक लेखमा पछिल्लो समयका नेपाली उपन्यासमा नयाँ र बहुल चिन्तनका विशेषता समाहित भएका सृजनाहरू प्रभावकारी रूपमा विकसित भएको उल्लेख गरेका छन् । उनले नयाँ र बहुल प्रवृत्ति भनेको उत्तरआधुनिकताका परिचायक विषय भएकाले यो प्रवृत्ति समसामयिक उपन्यासको प्रवृत्ति भएको विचार प्रस्तुत गरेका छन् (१९६) । उनको विचारमा उत्तरआधुनिकता पछिल्लो समयका नेपाली उपन्यासहरूको एउटा प्रमुख प्रवृत्ति हो भन्ने रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले नेपाली उपन्यासको इतिहास कृतिमा आधुनिक नेपाली उपन्यासलाई चार चरणमा विभाजन गरी चौथो चरण (२०३६ देखि यता) का उपन्यासहरूमा श्याम व्यङ्ग्य, स्वैर कल्पना, प्रतीक, मिथ, चेतनप्रवाह शैली जस्ता नवीन प्रयोगका साथै सूत्रउपन्यास, अनुभवन्यासका साथै उत्तरआधुनिक प्रवृत्तियुक्त उपन्यासहरूको लेखन भएको छ भन्ने विचार व्यक्त गरेका छन् । त्यस्तै उनले यस समयका उपन्यासहरूमा विधाभञ्जन, विधामिश्रण, विनिर्माण, पुनर्लेखन, लैङ्गिकताजस्ता उत्तरआधुनिकवादी प्रयोग पनि गरिएको उल्लेख गरेका छन् (३८८-३८९) । उनले यस कृतिमा उत्तर आधुनिकतावादका नाम भएका जथाभावी प्रयोगप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गरिएको भए पनि यस प्रवृत्तिको सार्थक प्रयोग भएका उपन्यासहरू पनि लेखिएको विचार प्रस्तुत गरेका छन् ।

जीवनकुमार श्रेष्ठ (२०७५) ले नेपाली उपन्यासमा अधिआख्यान (२०५०-६९) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा पचासको दशकपछिका उपन्यासहरूमा उत्तरआधुनिकतावादी प्रवृत्तिका रूपमा अधिख्यान रहेको उल्लेख गरेका छन् । उनले अधिआख्यान खासगरी उपन्यास विधामा देखापरेको उत्तर आधुकितावादी प्रवृत्ति भएको विचार व्यक्त गर्दै यस अन्तर्गतका आख्यानभित्र आख्यानको प्रयोग, क्रम भञ्जन, विधामिश्रण र विधाभञ्जन, प्यास्ट्रिच शैली, छलफल, समालोचना र टिप्पणी, रचनाप्रक्रिया, अन्तरपाठ तथा स्वैरकल्पना, लेखक र पाठकको पाठभित्र उपस्थिति जस्ता उत्तरआधुनिक प्रवृत्तिहरू रहेको तथ्य प्रस्तुत गरिएको छ । यस प्रकारको प्रवृत्ति पचासको दशकपछिका पचासभन्दा बढी उपन्यासहरूका रहेको उल्लेख गरेका छन् ।

माथि प्रस्तुत समकालीन नेपाली उपन्यासहरूका सम्बन्धमा गरिएका अध्ययनहरूले पछिल्लो समय नेपाली उपन्यासमा उत्तरआधुनिकतावाद एउटा प्रमुख प्रवृत्तिका रूपमा रहेको पुष्टि गर्छ । उत्तर आधुनिकतावाद अनेक प्रवृत्तिहरूको पुञ्ज भएकाले यस समयका उपन्यासहरूमा बहुलता र अनिश्चिताको केन्द्रमा बसेर विविध विषय र शिल्पका उपन्यासहरू लेखिएका छन् । तिनमा परम्परागत विधागत संरचनाको भञ्जनदेखि नारी, पिछडिएका जाति र क्षेत्रका संस्कृतिक पक्षहरूलाई पनि महत्त्व दिइएको पाइन्छ । इतिहास र मिथकको पुनर्लेखन, पूर्व कृति र पात्रहरूको पुनर्लेखन, अधिआख्यानपरक लेखन, स्वैरकल्पनाको प्रयोग जस्ता प्रवृत्तिहरू पनि पछिल्ला उपन्यासहरूमा पाइने उत्तरआधुनिकतावादी प्रवृत्ति हुन् ।

नेपाली उपन्यासमा उत्तरआधुनकितावाद एउटा प्रमुख प्रवृत्तिका रूपमा स्थापित भएको तथ्य माथिको अध्ययनबाट प्रस्ट हुन्छ । उत्तरवर्ती उपन्यास र उत्तरआधुनिकताका सन्दर्भमा भएका उपर्युक्त

अध्ययनहरूमा उत्तरआधुनिकतावादी प्रवृत्तिको प्रवेश बिन्दुको स्पष्ट पहिचान हुन सकेको छैन । तिनमा कुन समयमा प्रकाशति कुन उपन्यासबाट नेपाली उपन्यास उत्तरआधुनिकतवादी युगमा प्रवेश भयो भन्ने कुराको निर्क्यौल गरिएको छैन । जस्तो रूपमति (१९९१) उपन्यासदेखि आधुनिक काल आरम्भ भएको, आज रमिता छ (२०२१) उपन्यासदेखि अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्ति आरम्भ भएको भनेजस्तै कुन उपन्यासबाट कहिलेदेखि नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी प्रवृत्तिको औपचारिक आरम्भ भएको छ र उत्तरआधुनिकतावादका अनेक प्रवृत्तिहरूमध्ये कुन प्रवृत्तिबाट नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी समयमा प्रवेश गऱ्यो भन्ने बारेमा स्पष्ट रूपमा किटान हुन सकेको छैन । यसले गर्दा कहिलेदेखि नेपाली उपन्यास औपचारिक रूपमा उत्तरआधुनिकतावादी युगमा प्रवेश भयो भन्ने प्रश्न पनि अनुत्तरित हुन पुगेको छ ।

नेपाली साहित्यमा उत्तरआधुनिकतावादी लेखनको आरम्भ सम्बन्धमा गहन अध्ययन गरी स्पष्ट खाका तयार पार्ने काम भइसकेको छैन । उत्तरआधुनिकतावाद लेखन प्रवृत्ति मात्र नभएर साहित्य-समालोचनाको दृष्टिकोण पनि भएकाले केही विद्वान्हरू परम्परागत साहित्यमा पनि उत्तरआधुनिकतावादी चिन्तनको खोजी गर्न सकिन्छ भन्ने धारणा राख्दछन् । यसले उत्तरआधुनिक लेखनको आयामलाई फराकिलो बनाएको छ, यद्यपि सिर्जनाका क्षेत्रमास्पष्ट चिन्तनगत अवधारणासहित इन्द्रबहादुर राईको लीलालेखन र त्यसअनुरूपको सिर्जनाले उत्तरआधुनिकवादलाई प्रवेश गराएको देखिन्छ । राईको लीलालेखन मूलतः कथा विधामा केन्द्रित भएकाले उपन्यासमा यसको प्रवेश केही समयपछि मात्र भएको देखिन्छ ।

## नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी प्रवृत्तिको प्रयोग

पचासको दशकपछि नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी प्रवृत्तिको आरम्भ अधिआख्यानात्मक लेखनबाट भएको हो । अधिआख्यान उत्तरआधुनिकतवादी आख्यान लेखनको प्रमुख प्रवृत्ति हो । यसलाई आख्यानबारेको आख्यान' का रूपमा चिनाइएको छ । यसले उपन्यास लेखनको प्रक्रियालाई नै विषयका रूपमा प्रस्तुत गर्ने भएकाले अधिआख्यानलाई आख्यानबारेको आख्यान भनिएको हो । यथार्थ र कल्पनाको मिश्रण गरी भ्रम सिर्जना गर्नु र यसै भ्रमलाई सत्यका रूपमा स्वीकिार गर्नु उत्तरआधुनिकतावादी अधिआख्यानात्मक लेखनको मूल मर्म हो । यस क्रममा लेखक र पाठकको पाठभित्रै प्रस्तुति, स्वैरकल्पना, पुनर्लेखन, अन्तरपाठ, रचना प्रक्रियाको विषयकरण, दृष्टिविन्दुको स्थानान्तरण, विधाभञ्जन, केन्द्रभञ्जन र सीमान्तीयता, नारी, दलित, मधेसी, तेस्रो लिङ्गी आदिको सचेतना, उच्चयथार्थ र मायिक यथार्थ आदि नेपाली उपन्यासमा देखापरेका उत्तरआधुनिक प्रवृत्तिहरू हुन् ।

उपन्यासको 'लेखन-प्रक्रिया'लाई विषय बनाइएको ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको ज्यागा (२०५०) नेपाली साहित्यमा अधिआख्यानात्मकता तथा उत्तरआधुनिकवादी प्रवृत्तिलाई पूर्ण रूपमा वरण गरिएको पहिलो उपन्यास हो । यो परम्परागत दृष्टिले 'उपन्यास लेखनबारेको उपन्यास' हो । यसमा उपन्यास लेखनका लागि लेखकहरूबिच गरिएका सरसल्लाह, घटनाको खोजी, विभिन्न व्यक्तिहरूसँगको भेटघाट तथा कुराकानी, अन्य सामग्रीहरूको सङ्कलनदेखि उपन्यास लेखनसम्मका सन्दर्भलाई

उपन्यासको विषय बनाइएको छ । यसमा उपन्यासको शीर्षकीकरणदेखि प्रकाशनसम्मका सन्दर्भहरू रहेका छन् । तसर्थ परम्परागत रूपमा यो उपन्यास नभएर उपन्यास लेखनको प्रक्रियाहरूको टिपोट मात्र हो, तर उत्तरआधुनिकतावादले यस्तै किसिमले पाठ पछाडि लुकेको यथार्थको खोजी गर्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्ने भएकाले सोही अनुरूप यो कृति उत्तरआधुनिक उपन्यासका रूपमा दर्ज भएको छ ।

उत्तरआधुनिकतावादको संवाहक विनिर्माणवादका आधारमा भन्ने हो भने 'सत्य' पछाडि लुकेको हुन्छ । त्यसैले सत्य र त्यसको अर्थको खोजीका निम्ति त्यसलाई भत्काउनुपर्छ र त्यसैभित्रबाट अर्थको खोजी गर्नुपर्छ । उपन्यासकारद्वय गौतम र सापकोटाको प्रस्तुत कृतिले पनि औपन्यासिक सत्यलाई उदाङ्गो पार्ने क्रममा परम्परागत लेखनमा छोपिएको 'लेखन-प्रक्रिया'लाई नै मुख्य विषय बनाएको छ । यसले उपन्यास विधाको परम्परागत संरचनालाई भत्काउनुका साथै पाठकमा उपन्याससम्बन्धी भ्रम पनि सिर्जना गरेको छ ।

यसमा वास्तविक लेखकहरूलाई नै उपन्यासको काल्पनिक संसारमा प्रवेश गराएर यथार्थ र कल्पनालाई मिसाइएको छ अनि पाठकमा भ्रम सिर्जना गरिएको छ । यसरी सत्यको खोजीका क्रममा अलमलमा पर्नु, परम्परागत संरचनालाई भत्काउनु, उपन्यासभित्रै औपन्यासिक सत्यको खोजी गर्नु उत्तरआधुनिकतावादी उपन्यास लेखनको विशेषता हो । यस आधारमा ज्यागा उपन्यास पूर्णतः उत्तर आधुनिक उपन्यास हो र यसले स्पष्ट रूपमा नेपाली उपन्यासको नयाँ सीमारेखा कोरेको छ । यसलाई स्थापित गर्न राजेन्द्र पराजुलीको अनायिका, टङ्कप्रसाद चौलागाईंको कथाको खोजी, राजवको बेकारीमा उपन्यासजस्ता कृतिहरूमा पनि 'रचना-प्रक्रिया'लाई उपन्यासको विषय बनाइएको छ ।

२०५० सालपछि नेपाली उपन्यासमा उत्तरआधुनिकतावादका विविध प्रवृत्तिहरूको प्रयोग गरिएका छन् । कृष्ण धराबासीको शरणार्थीमा विनिर्माण, पुनर्लेखन र अन्तर्पाठका माध्यमबाट यथार्थ र कल्पनालाई मिसाइएको छ । त्यस्तै, राधामा महाभारतको पुनर्लेखन गरी परम्परागत स्थापित मान्यतालाई भत्काएर नारी पात्रको फरक दृष्टिबाट हेर्ने प्रयास गरिएको छ । उनकै तपाइँ सिर्जनाभित्र समालोचना मिसाइएको नवीन प्रवृत्तिपरक उपन्यास हो । द्वितीय पुरूष समाख्याताको प्रयोग गर्ने प्रयास गरिएको यस कृतिमा यसै उपन्यासका घटना, पात्र, परिवेश, भाषा आदिबारे पाठकहरूबीच भएको छलफल गराइएको छ । गेस्टापो उपन्यासमा हिटलरको इतिहासलाई पुनर्लेखन गरिएको छ भने 'आधाबाटो' र 'पाण्डुलिपि' मा लेखकको आफ्नै जीवनका यथार्थलाई काल्पनिक ढंगले प्रस्तुत गरिएको छ । यस प्रकारको उपन्यास लेखनमा ध्रुवचन्द्र गौतम अग्रज छन्। उनका 'बाल्यकाल', 'बाढी' लगायत चार वटा कृतिमा लेखकका आफ्नै जीवन-यथार्थलाई विषय बनाइएको छ ।

मनुजबाबु मिश्रको स्वप्न सम्मेलन स्वैरकल्पनाको प्रयोगसँगै कल्पना र यथार्थको संयोजन गरिएको उत्तरआधुनिक उपन्यास हो भने तेराखको सर्वजा स्वैरकल्पनाको प्रयोग गरी ज्ञान-विज्ञानका व्यापक विषयमा विचरण गरेको सफल उपन्यास हो। जगदीश शमशेर राणाकोसेतो ख्याकको आख्यानमा प्राचीन मिथक र नेपाली इतिहासको पुनर्लेखन गरिएको छ । त्यस्तै, विमलकुमार सुवेदीको रोसा पूर्वीय

मिथकलाई विनिर्माण गरी लेखिएको उत्तरआधुनिकतावादी सिद्धान्तनिष्ठ उपन्यास हो । सुजातको अन्त्यहीन पीडामा आख्यानभित्र आख्यान प्रस्तुत गरिने अधिआख्यानात्मक 'टेक्निक'को प्रयोग गरिएको छ । नारायण वाग्लेको पल्पसा क्याफे लेखक आफैँ उपन्यासभित्र उपस्थित भएर यथार्थ र कल्पना बिच भ्रम सिर्जना गरिएको उत्तरआधुनिक उपन्यास हो । त्यसै गरी रोशन थापा नीरवका प्रत्येक श्रवणकुमार अर्थात् युद्ध, प्रस्थानान्तर, स्वप्नसहर र आवाजहरूको जङ्गलभित्र उपन्यासहरूमा दृष्टिबिन्दुको स्थानान्तरण, उपन्यास विधाको भञ्जन र लेखनका अनौपचारिकता जस्ता प्रवृत्तिहरू भएका उपन्यास हुन् ।

चैतन्य प्रधानको आँखा+आँखा उपन्यासलाई लेखकले नै अउपन्यासको नाम दिएर दर्शनको पुनर्लेखन गरेका छन् । अमर न्यौपानेको पानीको घाम उपन्यास र कथा विधाको मध्यस्थानबाट सिर्जना गरिएको कृति होजसले आख्यानको परम्परागत मान्यतालाई भङ्ग गरेको छ भने राजनप्रसाद निरौलाको खुला आकाश यथार्थ र कल्पनाको मिश्रण गरिएको उपन्यास हो। त्यस्तै, नयनराज पाण्डेको लु उपन्यासमा पनि यथार्थ र कल्पनाको मिश्रण गराई पाठकमा भ्रम सिर्जना गरिएको छ भने सुस्मिता नेपाल र रजनी ढकालको पत्रैपत्र उपन्यासपत्रलेखनको पद्धतिलाई पूर्ण रूपमा अङ्गीकार गरिएको नवीन प्रवृत्तियुक्त औपन्यासिक कृति हो ।

तथ्य र कल्पनाको संयोजन र भ्रमलाई जीवन-यथार्थका रूपमा प्रस्तुत गरिएको सञ्जीव उप्रेतीको घनचक्करदेखि आख्यानभित्रै आख्यानको प्रयोग गरिएको निरूपा प्रसुनको अभिषेक पनि नेपाली उत्तर आधुनिक उपन्यासकै कोटिमा पर्छन् । त्यस्तै, उपन्यास लेखनको सिद्धान्तलाई विषय बनाइएको गोविन्दराज भट्टराईको सुकरातको डायरीपूर्ण रूपमा अधिआख्यानात्मक उत्तरआधुनिक उपन्यास हो । अधिआख्यानात्मक प्रवृत्तिलाई सचेत रूपमा प्रयोग गरिएको यो उपन्यास नेपाली अधिआख्यानको एउटा नमुना पनि हो । यसै गरी सुस्मिता नेपाल, कृष्ण बराल, भूमिराज बस्ताकोटी, इन्दिरा प्रसाईं, श्रेष्ठ प्रिया पत्थर, किरण रिमाल, कुमार भट्टराई, विष्णु एस राई, अम्बिका अर्याल आदि उपन्यासकारहरूले पनि उत्तरआधुनिकतावादी लेखन अङ्गीकार गरेका छन् ।

उत्तरआधुनिकतावादी लेखनको व्यापक घेराभित्र अटाउने नारीवादी चेतना, सीमान्तीय वर्ग, क्षेत्र र जातिका सांस्कृतिक चेतनायुक्त उपन्यासहरूको सूची पनि यस समयमा धेरै रहेका छन् । समाजबाट बहिस्कृत तेस्रो लिङ्गीहरूलाई केन्द्रमा राखेर लेखिएका उपन्यासहरू पनि उल्लेख्य छन् ।

उपर्युक्त तथ्यहरू र विश्लेषणका आधारमा नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी लेखन एउटा स्थापित प्रवृत्ति भएको पुष्टि हुन्छ । यसलाई नेपाली उपन्यासमा सफलतापूर्वक प्रयोग गरिसकिएको र यसको प्रयोग निरन्तर भइरहेको सन्दर्भमा उत्तरआधुनिकतावादी लेखनलाई नेपाली उपन्यासको नयाँ चरणका रूपमा अध्ययन गर्नुपर्ने आवश्यकता टड्कारो बनेको छ । यसै आवश्यकतालाई दृष्टिगत गरी माथि चर्चा गरिएका तथ्यहरूलाई आधार बनाउँदा आधुनिक नेपाली उपन्यासलाई यस प्रकार चरण विभाजन गर्न उपयुक्त हुन्छ :

पहिलो चरण (१९९१-२०२०) - (मूल रूपमा यथार्थवादका विभिन्न प्रवृत्तिहरू रहेका)
दोस्रो चरण (२०२१-२०३५) - (मूल रूपमा अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्ति रहेका)
तेस्रो चरण (२०३६-२०४९) - (मूल रूपमा तत्कालीन समसामयिकता चेतना र बोधगम्यता रहेको)
चौथो चरण (२०५० देखि यता) - (मूल रूपमा उत्तरआधुनिकतावादका विभिन्न प्रवृत्तिहरू रहेका)

**पहिलो चरण (१९९१-२०२०)**

रूपमती उपन्यासले नेपाली सामाजिक परिवेशलाई विषय बनाएर आधुनिक नेपाली उपन्यास

लेखनको ढोका खोल्यो । यसपछिका उपन्यासहरू नेपाली समाज र जीवनका अन्तर्बाह्य यथार्थको चित्रणमा केन्द्रित छन् । यसै सन्दर्भमा यथार्थवादी लेखनका विविध प्रवृत्तिहरू देखापरे । यसै समयमा देखापरेका मनोविश्लेषणपरक उपन्यासहरू पनि जीवनको आन्तरिक यथार्थको चित्रणमा केन्द्रित भएकाले तिनलाई पनि एउटै चरण भित्र राख्न उपयुक्त हुन्छ । यस चरणका उपन्यासहरूको मुख्य प्रवृत्ति यथार्थपरक लेखन हो ।

**दोस्रो चरण** (२०२१-२०३५)

पाश्चात्य साहित्यमा आधुनिक प्रवृत्ति मानिएको तत्कालीन समयका विसङ्गत पक्षहरू तथा त्यसका कारण विसङ्गति भोग्न विवश जीवनको चित्रण गर्दै त्यसैभित्र अस्तित्वको खाजी गर्ने अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्ति दास्रो चरणका उपन्यासहरूको मुख्य प्रवृत्ति हो । यस प्रवृत्तिका उपन्यासहरूले अन्तर्वस्तुका साथै शिल्पमा पनि विसङ्गतिवादी प्रवृत्ति वरण गरेका छन् । यसले गर्दा यस प्रवृत्तिका उपन्यासहरू क्लिष्ट र जटिल छन् ।आज रमिता छ उपन्यासदेखि सुरु भएको यस प्रवृत्तिको उपन्यास लेखनमा तत्कालीन समयको एकतन्त्रीय पञ्चायती शासन व्यवस्थाले प्रेरित गरेको थियो । पञ्चायती व्यवस्था राजनीतिक रूपमा खुकुलो बन्दै गएपछि यस प्रवृत्तिका उपन्यास लेखनमा पनि शिथिलता आउन थालेको छ ।

**तेस्रो चरण** (२०३६-२०४९)

राजनीतिक प्रतिबन्धका कारण कुण्ठित बन्न पुगेका लेखकहरू जनमत सङ्ग्रहको घोषणा (२०३५) पछि स्वतन्त्र बन्न थाले । यसअघि कुण्ठित मनको विसङ्गतिमा जम्न बाध्य लेखकहरू बाह्य जगत्को विसङ्गत संसारतिर पनि फैलिन थाले । ध्रुवचन्द्र गौतमको कट्टेल सरको चोटपटक उपन्यासले नेपाली समाज र प्रशासनका विसङ्गत यथार्थलाई सरल ढङ्गले चित्रण गरेको । खासगरी यो चरण भनेको उपन्यासकारहरू आन्तरिक मनोजगत्बाट बाह्य जगत्को संसारमा विचरण गरेको समय हो । यस समयका उपन्यासहरूमा अघिल्लो समयको यथार्थपरक लेखन र पछिल्लो समयका प्रयोगपरक-उत्तरआधुनिकतावादी लेखनका विशेषताहरू पाइन्छन् ।

**चौथो चरण** (**२०५० देखि यता**)

उत्तरआधुनिकतवादी लेखन यस चरणको प्रमुख प्रवृत्ति हो । उत्तरआधुनिकतावादलाई आधुनिकतवादको विपरीत प्रवृत्ति स्वीकार गर्ने अध्येताहरूले यसअघिको समयलाई आधुनिक काल र यसपछिको समयलाई उत्तरआधुनिक काल भनी विभाजन गर्न पनि सक्छन्, तर उत्तरआधुनिकता आधुनिकताभित्रैबाट विकसित प्रवृत्ति भएकाले यसलाई भिन्न कालका रूपमा विभाजन गर्न उपयुक्त हुँदैन । त्यसैले यसलाई आधुनिक नेपाली उपन्यासको चौथो चरणका रूपमा यहाँ राखिएको छ ।

## निष्कर्ष

नेपाली उपन्यासमा २०३६ सालपछिका औपन्यासिक प्रवृत्तिहरूलाई समसामयिक प्रवृत्तिका रूपमा एकमुष्ठ चर्चा गर्ने परम्परा रहेको छ । समसामयिकता निश्चित कालबोधक शब्द भएकाले चार दशकभन्दा लामो समयको अवधिमा देखापरेका विविध प्रवृत्तिहरूलाई यसले समेट्न सक्दैन । पछिल्लो समय नेपाली उपन्यासमा उत्तरआधुनिकतावादी प्रवृत्ति पनि सबल रूपमा देखापरेको यथार्थ विभिन्न अध्ययनहरूबाट पुष्टि भइरहेको सन्दर्भमा उत्तरआधुनिक नेपाली उपन्यासको प्रस्थान विन्दु निर्धारण गरी नेपाली उपन्यासको चरण विभाजनमा अर्को आयाम थप गर्नुपर्ने प्राज्ञिक आवश्यकता देखापरेको छ ।

यस सन्दर्भमा पछिल्लो समयका उपन्यासहरूको अध्ययनमा २०५० सालको ज्यागा उपन्यासले 'रचना-प्रक्रिया'को विषयकरणका माध्यमबाट उत्तरआधुनिकतावादी लेखनको औपचारिक आरम्भ गरेको छ भन्ने निष्कर्ष रहेको छ । यस आधारमा आधुनिक नेपाली उपन्यासमा २०५० सालपछिको अवधिलाई चौथो चरणका रूपमा विभाजन गरी उत्तरआधुनिक नेपाली उपन्यासहरूको अध्ययन-विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

## सन्दर्भ सामग्री


कोइराला, कुमारप्रसाद (२०६८), आख्यान विमर्श, ओरिएन्टल पब्लिकेसन ।

गौतम, ध्रुवचन्द्र र ध्रुव सापकोटा (२०५०), ज्यागा, देशान्तर प्रकाशन ।

चौलागाईं, टङ्कप्रसाद (२०६४),कथाको खोजी, निर्मलकुमार रिमाल ।

धरावासी, कृष्ण (२०६२), 'समसामयिक नेपाली उपन्यास : प्रयोग र प्रवृत्ति',गरिमा,२३/९,पृ.५१-६० ।

पराजुली, राजेन्द्र (२०६३), अनायिका, साझा प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९), नेपाली उपन्यासमा लैङ्गिकता, नेपाल प्रज्ञाप्रतिष्ठान ।

पुट्नाम, हिलारी (सन् १९९०), रियलिज्म विथ ह्युमन फेस , हार्भर्ड युनिभर्सिटी प्रेस ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), नेपाली उपन्यास र उपन्यासकार (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (तेस्रो संस्क.), साझा प्रकाशन।

भट्टराई, गोविन्दराज (२०६०), नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना, नेपाली उपन्यास शतवार्षिकी स्मारिका, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,पृ. ५९-७३ ।

राजव (२०६९), बेकारीमा उपन्यास, साङ्ग्रिला बुक्स प्रा. लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), नेपाली उपन्यासको इतिहास, नेपाल प्रज्ञाप्रतिष्ठान ।

वा, प्याट्रिसिया (सन् २००१), मेटाफिक्सन द थउरी एन्ड प्राक्टिस अफ सेल्फ कन्सियस फिक्सन, टेलर एन्ड फ्रान्सिज. इलाइब्रेरी ।

शर्मा, मोहनराज (२०६३), समकालीन समालोचना : सिद्धान्त र प्रयोग (दोस्रो संस्क.),अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६०), नेपाली उपन्यास शतवार्षिकी (स्मारिका), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, जीवनकुमार (२०७५), नेपाली उपन्यासमा अधिआख्यान, अप्रकाशित शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, दयाराम र बालाकृष्ण अधिकारी (२०७७), साहित्यको इतिहास (चौथो संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६३), नेपाली साहित्यको संक्षिप्त इतिहास (आठौं संस्क.), साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८), समसामयिक नेपाली उपन्यासः सांस्कृतिक र सीमान्तीय अध्ययन, रत्न बृहत नेपाली समालोचना, रत्न पुस्तक भण्डार, पृ. १९५-२२१ ।

स्कोल्स, रबर्ट (सन् १९९५), मेटाफिक्सन, (सम्पा. मार्क क्युरी),लङम्यान, पृ. २१-३८ ।

हचिअन, लिन्डा (सन् १९८०), नार्सिसिस्टिक न्यारेटिभ : द मेटाफिक्सनल प्याराडक्स , मेथुइन ।